वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक ५९ २०८३ असार ०७ गते आइतबार, नेपाल सम्वत् ११४६ June 21, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोला !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३५०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह



## संस्कृति संरक्षण

दरै समुदायको मौलिक कला, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने उद्देश्यले दमौलीमा आयोजित चुड्का नृत्य प्रतियोगितामा नृत्य प्रस्तुत गर्दै सहभागि । दरै समाज तनहुँले परम्परागत संस्कृति संरक्षण गर्ने उद्देश्यले प्रथम दरै मौलिक चुड्का नृत्य प्रतियोगिता आयोजना गरेको हो ।

*तस्विर : भञ्ज्याङ*

# रैथाने स्वादमा आधुनिकता र तापक्रमको असर

**नवीन लामिछाने**/मनाङ

पहिले जैविक खेतीपाती मात्रै हुने ठाउँ हो मनाङ । पहिले स्थानीय प्रजातिको स्याउ, फापरखेती हुन्थ्यो र गरिन्थ्यो । मनाङको नासों गाउँपालिका-६ तिल्चेका पुराना किसान कमल घले भन्नुहुन्छ, "मनाङको मौसम फेरिएको छ । स्थानीय जातको स्याउ पाउनै मुस्किल भएको छ।" स्थानीय स्याउ बिक्री तथा विभिन्न परिकार बनाउने गरिएको भए पनि अहिले उत्पादन घट्दा विकासे (हाइब्रिड) स्याउ लगाएको प्रशस्त देखिने उहाँ बताउनुहुन्छ ।

स्थानीय प्रजातिको जस्तो स्वाद अहिलेका स्याउमा नपाइने उहाँ बताउनुहुन्छ । "स्थानीय जातकै स्याउका दानाको आकार घटेको छ । त्यति मात्रै हो र ! फापरको मिठास, करू, गहुँ, कोलु बोडीको दाना समेत घटेका छन्", घले भन्नुहुन्छ, "हिउँ समयमा पर्दैन, पानीको काम नै पहिले त हिउँले गर्ने हो, कहिले अर्कै समयमा परेको हुन्छ त । कहिले हिउँ नै पर्दैन । केको हुनु खेतीपाती ।"

मनाङको यो व्यथा केवल एउटा गाउँको मात्र होइन, सिङ्गो हिमाली क्षेत्रको साझा समस्या बनेको छ । हिजोका दिनमा यहाँका किसानहरु प्रकृतिको लयसँगै बाँचेका थिए । हिउँ र वर्षाको निश्चित चक्र थियो, जसले माटोलाई भित्रैदेखि भिजाउँथ्यो र पोषणयुक्त बनाउँथ्यो । तर अहिले प्रकृतिको त्यो लय बिग्रिएको छ ।

पहिले प्राङ्गारिक मलबाहेक अरू कुनै पनि बजारिया मल हाल्ने चलन थिएन । तर, फल राम्रो हुन्थ्यो । अहिले धेरै फल्ने भए पनि स्वाद र पोषिलो नहुने घलेको अनुभव छ । खेतीपातीमा किरा नै देखिँदैनथ्यो, अहिले किरा प्रशस्त भेटिएको उहाँ बताउनुहुन्छ। खेतीपाती जोगाउनकै लागि विषादी प्रयोग गर्ने किसान बढ्न थालेको उहाँको भनाइ छ ।

हिमाली क्षेत्रमा विषादीको प्रवेश हुनु आफैँमा एउटा गम्भीर समस्या हो । चिसो हावापानीमा किराको प्रकोप कम हुने विश्वास हिजोका दिनमा थियो तर तापक्रम बढेसँगै नयाँ-नयाँ रोग र किराहरूले समेत असर पारिरहेको छ ।

**कृषि भूगोल र रैथाने बालीको विरासत**

समुद्री सतहबाट एक हजार ८८० मिटरदेखि आठ हजार १६३ मिटरसम्म उचाइ समेटेको मनाङ रैथाने खेतीबालीमा आत्मनिर्भर छ। दुई हजार २४६ वर्गकिलोमिटर भूभाग समेटिएको यस जिल्लाको दुई लाख २४ हजार ६०० हेक्टरमध्ये दुई हजार १५६ भूभाग खेतीयोग्य छ । खेतीयोग्य भूमिको दुई हजार १७ हेक्टर क्षेत्रफलमा मात्रै खेती गरिँदै आएको कृषि विकास कार्यालयले जनाएको छ। त्यसमध्ये एक हजार ६३ हेक्टर जमिन सिञ्चित क्षेत्र हो भने अन्य क्षेत्र प्राकृतिक रूपमा खेती सिँचाइ हुन्छ ।

यहाँ रैथाने बालीका रूपमा आलु, गहुँ, फापर, करू, उवा र कोलु बोडीलाई लिइन्छ । हाल कतिपय स्थानमा रैथाने बाली लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय स्थानमा नगन्य मात्रामा मात्र खेती गर्ने गरेको पाइएको कृषि विकास कार्यालयले जनाएको छ । कार्यालयका अनुसार जिल्लाकै उच्च स्थानको रूपमा रहेको नार्पाभूमि गाउँपालिकामा रैथाने बाली प्रायः लोप हुने अवस्थामा पुगेको छ । उच्च हिमाली भेगमा हुने यस्ता बालीहरूले त्यहाँको विशिष्ट पहिचान बोकेका हुन्छन् तर ती लोप हुनु भनेको मनाङको मौलिकताको एक पाटो हराउनु हो ।

**स्वाद र गुणस्तरमा क्रमिक परिवर्तन**

मनाङमा उत्पादन हुने रैथाने बालीको स्वादमा परिवर्तन आएको किसानको अनुभव छ । नासोंका किसान सोलबहादुर गुरूङ भन्नुहुन्छ, "गर्मी बढेसँगै खेतीबालीको स्वाद र गुणस्तर नै फेरिने रहेछ । हामीले लगाएका स्याउ, आलु, फापरलगायतका कृषिउपजको स्वाद र गुणस्तर नै फेरिए जस्तो लाग्छ। पहिलेको जस्तो स्वाद पाइँदैन ।"

स्थानीय जातका स्याउको पनि स्वाद फेरिएको उहाँको भनाइ छ। मौसममा आधारित खेतीपाती



मनाङका पाखाहरूमा डेरा जमाउन थालेका छन् । "अहिले गोलभेडा, काउली, बन्दा, फर्सी, प्याज, लसुन, साग, मूला, गाजरलगायतका तरकारीखेती हुन थालेका छन् । उत्पादन बढ्दै जाँदा यहाँको बजार पनि फराकिलो भएको छ तर माटोको उत्पादन गर्ने क्षमता भने खस्कँदो अवस्थामा छ", नासों गाउँपालिका-८ ताचैका किसान सोलबहादुर गुरूङले भन्नुभयो । विषादी प्रयोग बढ्दै जाँदा मानवीय स्वास्थ्यमा प्रभाव पार्ने देखिएको गुरूङको भनाइ छ । मनाङमा हुने यस्तो परिवर्तनले स्थानीय बासिन्दाको आहारविहारमा

बाँकी तेश्रो पेजमा

# जेठ महिनामा तनहुँबाट हराएका २१ जनामध्ये १७ जना फेला परे

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँ जिल्लामा जेठ महिनामा हराएका २१ जनामध्ये १७ जना फेला परेका छन् । जिल्ला प्रहरी कार्यालय तनहुँले सार्वजनिक गरेको मासिक विवरणअनुसार हराएकामध्ये अधिकांशलाई प्रहरीको खोजतलास तथा अनुसन्धानका क्रममा फेला पारिएको हो ।

प्रहरीका अनुसार जेठ महिनामा हराएका व्यक्तिमध्ये १० महिला, तीन पुरूष, एक बालक, चार बालिका र तीन जना ज्येष्ठ नागरिक रहेका थिए। तीमध्ये सात महिला, दुई पुरूष, एक बालक, चार बालिका र तीन जना ज्येष्ठ नागरिक फेला परेका छन् । बाँकी व्यक्तिहरूको खोजी जारी रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले हराएका व्यक्तिको खोजी तथा उद्धारलाई प्रहरीले उच्च प्राथमिकतामा राखेर काम गरिरहेको बताए । उनले परिवारबाट प्राप्त उजुरी र सूचनाका आधारमा विभिन्न जिल्लासँग समन्वय गरी खोजतलास कार्यलाई तीव्र बनाइएको जानकारी दिए ।

"हराएका व्यक्तिहरूलाई सकुशल फेला पार्न प्रहरी निरन्तर सक्रिय छ," प्रहरी नायब उपरीक्षक घिमिरेले भने, "खोजतलास कार्यलाई प्रभावकारी बनाउन विभिन्न प्रहरी इकाइ तथा सम्बन्धित निकायसँग समन्वय गरी काम गरिरहेका छौं।"

त्यसैगरी, जेठमा जिल्लाभर ५१ वटा मुद्दा दर्ता भएका छन् । दर्ता भएका मुद्दामध्ये जघन्य तथा गम्भीर प्रकृतिका १०, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित तीन, आर्थिक अपराधसँग सम्बन्धित छ तथा अन्य ३२ वटा मुद्दा रहेका छन् ।

प्रहरीका अनुसार उक्त अवधिमा विभिन्न मुद्दाका ३७ जना प्रतिवादी पक्राउ परेका छन् । अपराध नियन्त्रण तथा अनुसन्धान कार्यलाई प्रभावकारी बनाउँदै कानुनको कार्यान्वयनमा जोड दिइएको प्रहरी नायब उपरीक्षक घिमिरेको भनाइ छ ।

फैसला कार्यान्वयनतर्फ पनि प्रहरीले उल्लेखनीय प्रगति हासिल गरेको जनाएको छ । जेठ महिनामा ११ जना फरार प्रतिवादीलाई पक्राउ गरिएको छ । पक्राउ परेका प्रतिवादीबाट चार वर्ष दुई महिनाको कैद तथा रू दुई लाख २१ हजार बिगो तथा जरिवाना असुल गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक घिमिरेले जिल्लामा शान्तिसुरक्षा कायम राख्न, अपराध नियन्त्रण गर्न तथा अदालतबाट भएका फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रहरी सक्रिय रूपमा परिचालित रहेको बताए ।

"अपराध नियन्त्रण, फरार प्रतिवादी पक्राउ तथा नागरिकको सुरक्षा सुनिश्चित गर्न प्रहरी निरन्तर खटिएको छ", उनले भने, "समुदायको सहयोग र सूचनाका आधारमा अपराध नियन्त्रणका प्रयासलाई अझ प्रभावकारी बनाउँदै जानेछौं ।"

# गुरू पूर्णिमा, महर्षि वेदव्यास र दमौली

पुरूषोत्तम मासका कारण २०८३ सालमा सामान्यतया असार शुक्ल पूर्णिमामा पर्ने गुरू पूर्णिमा साउन १६ गते मनाइँदै छ। गुरू पूर्णिमालाई व्यास पूर्णिमा पनि भनिन्छ। वैदिक तथा गुरूकुल परम्परामा यो दिनको विशेष महत्त्व छ। वर्षभरिका अन्य पूर्णिमाभन्दा यस पूर्णिमालाई ज्ञान, श्रद्धा र कृतज्ञताको महान् पर्वका रूपमा लिइन्छ। शिष्यका लागि यो आत्मिक उज्यालो प्राप्त गर्ने दिव्य अवसर हो ।

परम्पराअनुसार यस दिन महर्षि वेदव्यासको प्राकट्य भएको विश्वास गरिन्छ। त्यसैले यसलाई व्यास अवतरण दिवसका रूपमा पनि मनाइन्छ। गुरूले मानव जीवनलाई अज्ञानको अन्धकारबाट ज्ञानको प्रकाशतर्फ डोऱ्याउने भएकाले गुरू पूर्णिमा ज्ञान र स्नेहको प्रतीक बनेको छ। गुरूले आज्ञाचक्र जागृत गराउँदै आत्मालाई परमात्मासँग जोड्ने मार्ग देखाउनुहुन्छ । जीवनका जिज्ञासा समाधान गर्ने, सही बाटो पहिल्याउने र मोक्षतर्फ अग्रसर गराउने माध्यम पनि गुरू नै हुनुहुन्छ ।

हाम्रो संस्कृतिमा पहिलो गुरू माता–पिता मानिन्छन् । उनीहरूबाट प्राप्त संस्कारले नै जीवनको आधार तयार गर्छ। गुरूबिनाको जीवन अधुरो हुन्छ भन्ने विश्वास रहिआएको छ । गुरूको आशीर्वाद र मार्गदर्शनविना साधना, जप वा कर्मले पूर्ण फल नदिने धार्मिक मान्यता पनि छ। भवसागर पार गर्न डुङ्गा मात्र पर्याप्त हुँदैन, त्यसलाई किनारासम्म पुऱ्याउने कुशल मार्गदर्शक आवश्यक पर्छ। त्यसैगरी जीवनका कठिन परिस्थितिमा गुरूको कृपा र निर्देशनले नै सही गन्तव्यमा पुऱ्याउने विश्वास गरिन्छ ।

वेदको मूल उद्देश्य ज्ञानको प्राप्ति हो, र ज्ञानलाई मुक्तिको सर्वोत्तम मार्ग मानिएको छ । 'गु' को अर्थ अन्धकार र 'रू' को अर्थ त्यस अन्धकारलाई हटाउने शक्ति भन्ने व्याख्या गरिन्छ । महर्षि वेदव्यासले आफैं ज्ञान आर्जन गर्नुका साथै समाजमा ज्ञानको प्रकाश फैलाउने महान् कार्य गर्नुभयो । उहाँले एउटै वेदलाई चार भागमा विभाजन गरी व्यवस्थित बनाउनुभएको थियो। "व्यसति वेदान् इति व्यासः" अर्थात् वेदलाई विस्तार गर्ने भएकाले उहाँ 'व्यास' र विभाजन गर्ने भएकाले 'वेदव्यास' कहलिनुभयो। इतिहास, पुराण र दर्शनका माध्यमबाट वैदिक ज्ञानलाई सरल र सर्वसुलभ बनाउने श्रेय पनि उहाँलाई नै जान्छ ।

गुरू पूर्णिमा वर्षा ऋतुको प्रारम्भमा पर्ने भएकाले प्राचीनकालमा यस दिनदेखि चार महिनासम्म गुरू र शिष्य एउटै स्थानमा बसेर अध्ययन गर्ने चलन थियो। महर्षि वेदव्यासले आफ्ना शिष्य पैल, शुकदेव, जैमिनी, रोमहर्षण लगायतलाई वेद, पुराण, ब्रह्मसूत्र, महाभारत र अन्य ग्रन्थको ज्ञान प्रदान गरेको दिनका रूपमा पनि असार शुक्ल पूर्णिमालाई स्मरण गरिन्छ। यही परम्पराबाट गुरू पूजन र गुरू पूर्णिमाको महत्त्व विस्तार हुँदै आएको मानिन्छ ।

पूर्णिमाको चन्द्रमाले जसरी सबैलाई समान रूपमा शीतलता दिन्छ, त्यसैगरी गुरूले पनि ज्ञानको उज्यालो सबै शिष्यमा समान रूपमा फैलाउनुहुन्छ भन्ने विश्वास छ । यही दिन भगवान गौतम बुद्धले सारनाथमा आफ्नो पहिलो धर्मदेशना दिनुभएको उल्लेख पाइन्छ। शिख धर्ममा पनि गुरू परम्परालाई अत्यन्त उच्च स्थान दिइएको छ। वैदिक सनातन परम्पराका महान् दार्शनिक, साहित्यकार र गुरू महर्षि वेदव्यासलाई 'गुरूका पनि गुरू' अर्थात् जगद्‌गुरूका रूपमा सम्मान गरिन्छ ।

*"गुरूर्ब्रह्मा गुरूर्विष्णु गुरूर्देवो महेश्वरः।*
*गुरूः साक्षात् परब्रह्म तस्मै श्रीगुरवे नमः॥"*

श्रीकृष्ण द्वैपायन वेदव्यासको जन्मभूमिका रूपमा दमौलीलाई विशेष महत्त्वका साथ हेरिन्छ । उहाँ महर्षि वशिष्ठका पनाति, शक्तिका नाति तथा पराशर र सत्यवतीका सुपुत्र हुनुहुन्थ्यो । त्यसैले गुरू पूर्णिमा र व्यास अवतरण दिवस दमौलीका लागि धार्मिक तथा सांस्कृतिक दृष्टिले अझ विशेष अवसर बनेको छ। तनहुँको जेठो नगरपालिका पनि व्यास नगरपालिकाकै नामबाट परिचित छ र यसले विगतमा सार्वजनिक बिदासहित व्यास अवतरण दिवस मनाउँदै आएको छ ।

व्यासको विशाल मूर्ति निर्माणको अभियानले पनि स्थानीयवासीमा आशा जगाएको छ । यद्यपि निर्माण कार्य अपेक्षित गतिमा अघि बढ्न नसक्दा केही निराशा देखिएको छ । आगामी आर्थिक वर्षलाई पर्यटन प्रवर्द्धनसँग जोडेर व्यास क्षेत्रको समग्र विकासमा नयाँ आयाम थपिने अपेक्षा गरिएको छ । ध्यानाचार्य गुरू खेमराजले ११.३३ फिट अग्लो मूर्ति स्थापना गर्ने तथा आगामी वर्षहरूमा १३३.३३ फिटको मूर्ति निर्माण गर्ने संकल्प सार्वजनिक गर्नुभएको छ । सत्यवती कुण्ड आसपास निर्माणाधीन १०८ फिट अग्लो व्यास मूर्तिको संरचनात्मक काम पनि चरणबद्ध रूपमा अघि बढिरहेको छ। तत्काल तामाको मूर्ति निर्माण सम्भव नभए बाँस वा बेतजस्ता स्थानीय सामग्री प्रयोग गरेर प्रतीकात्मक रूपमा मूर्ति निर्माण गर्न सकिने सुझावसमेत आएको छ ।

विगतमा दमौलीका साधक–साधिकाहरू गुरू पूर्णिमा मनाउन काठमाडौंस्थित गुरूधाम जाने गर्थे । तर गुरू साधक सत्यम् सनदकुमार अधिकारीको निर्देशनपछि स्थानीय रूपमा नै व्यासभूमि दमौलीमा गुरू पूर्णिमा मनाउने परम्परा सुरू भयो। यस अभियानलाई व्यास ज्योति साधक परिवारले निरन्तरता दिँदै आएको छ। व्यास क्षेत्र विकास कोष, व्यास नगरपालिका, व्यास–पराशर एकीकृत समन्वय समिति तथा विभिन्न धार्मिक संघसंस्थाको सहभागिताले यो पर्व थप भव्य बन्दै गएको छ ।

महर्षि वेदव्यासको जन्मतिथिका विषयमा भने विभिन्न मत पाइन्छन् । केहीले वैशाख पूर्णिमा, केहीले असार पूर्णिमा र केही विद्वानले माघे संक्रान्तिलाई जन्मदिन मान्ने गरेका छन् । योगी नरहरिनाथले माघे संक्रान्तिलाई व्यास जन्मदिनका रूपमा स्वीकार गर्नुभएको उल्लेख पाइन्छ । तथापि असार शुक्ल पूर्णिमालाई गुरूले ज्ञान प्रदान गर्ने शुभ मुहूर्त र ज्ञानार्जनको महापर्वका रूपमा लिनु बढी उपयुक्त देखिन्छ।

मादी र सेती नदीको संगम नजिक अवस्थित व्यास गुफा ध्यानखण्ड, ज्ञानखण्ड र सभाखण्ड गरी तीन भागमा विभाजित छ । तर सभाखण्ड र त्यसको ऐतिहासिक महत्त्व अझै पर्याप्त रूपमा उजागर हुन सकेको छैन । विश्वका गुरूका गुरू मानिने महर्षि वेदव्याससँग सम्बन्धित यस स्थलमा गुरू आसन र गुरू पादुकाको अभाव खड्किने विषय बनेको छ । गुफाको मौलिक स्वरूप संरक्षण, पश्चिम मोहोडाको पुनर्संरचना तथा श्रद्धालुले नतमस्तक हुन सक्ने व्यवस्था गरिनु आवश्यक देखिन्छ।

संघीय शासन व्यवस्थापछि स्थानीय सरकारहरूलाई आफ्नो क्षेत्रको ऐतिहासिक र सांस्कृतिक सम्पदा संरक्षण गर्ने अधिकार र जिम्मेवारी दुवै प्राप्त भएको छ । व्यास नगरपालिकाले व्यास गुफाको मौलिकता संरक्षण, गुरू आसन र पादुका स्थापना, योगाश्रम, पुस्तकालय, प्रवचन गृह, पार्क तथा आश्रम निर्माणजस्ता योजनालाई प्राथमिकताका साथ अघि बढाउन सके यस क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय धार्मिक पर्यटनको आकर्षक गन्तव्य बन्न सक्छ ।

गुरू पूर्णिमा केवल धार्मिक अनुष्ठान मात्र होइन, ज्ञान, संस्कार, कृतज्ञता र सभ्यताको निरन्तरताको पर्व हो । महर्षि वेदव्यासको जन्मभूमि दमौलीले यस अवसरलाई सांस्कृतिक गौरवसँग जोड्दै गुरू परम्पराको संरक्षण र प्रवर्द्धनमा अग्रणी भूमिका निर्वाह गर्न सके सम्पूर्ण राष्ट्रकै गौरव बढ्नेछ । व्यासको कृपाले व्यास क्षेत्रको गुरू योजना सफल होस् र यहाँ मूर्ति, पार्क, योग केन्द्र, पुस्तकालय, प्रवचन गृह तथा बटुवाका लागि आश्रम निर्माणजस्ता कार्यले मूर्त रूप पाओस् भन्ने शुभेच्छासहित सबैमा गुरू पूर्णिमाको मंगलमय शुभकामना ।



देव वस्न्यात

**महर्षि वेदव्यासको जन्मतिथिका विषयमा भने विभिन्न मत पाइन्छन् । केहीले वैशाख पूर्णिमा, केहीले असार पूर्णिमा र केही विद्वानले माघे संक्रान्तिलाई जन्मदिन मान्ने गरेका छन् । योगी नरहरिनाथले माघे संक्रान्तिलाई व्यास जन्मदिनका रूपमा स्वीकार गर्नुभएको उल्लेख पाइन्छ । तथापि असार शुक्ल पूर्णिमालाई गुरूले ज्ञान प्रदान गर्ने शुभ मुहूर्त र ज्ञानार्जनको महापर्वका रूपमा लिनु बढी उपयुक्त देखिन्छ ।**

# पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनुपर्छ

♦ डा. तेजबहादुर कार्की

आजको वैज्ञानिक युगमा अनुसन्धान भन्नासाथ हामी प्रायःपाश्चात्य सिद्धान्तमा आधारित एक प्रयोगशाला, तथ्याङ्क र मापनयोग्य परिणामलाई नै केन्द्रमा राख्ने गर्छौं। जब हामी कुनै अनुसन्धानको सुरूआत गर्छौं तब त्यो अनुसन्धानको सैद्धान्तिक आधारका लागि हाम्रो अवधारणासँग मिल्दोजुल्दो पाश्चात्य सिद्धान्त के छ, खोज्न थाल्छौं । त्यसैलाई आधार मानेर अनुसन्धान गर्छौं र निष्कर्ष निकाल्छौं।

तर, अनुसन्धानको सुरूकै चरणमा हामीले हाम्रो पूर्वीय दर्शन कति सम्पन्न छ भनेर खोज्ने प्रयास भने गर्दैनौं । हामीले हाम्रो पूर्वीय दर्शनको गहन इतिहास, आध्यात्मिकता र चिन्तनले अनुसन्धानलाई नयाँ आयाम दिनसक्छ भन्ने विषयसम्मै पुग्दैनौं । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनसक्ने प्रशस्त सैद्धान्तिक आधार हामीसँगै छन् । यदि पूर्वीय दर्शनको गहनतामाथि यथेष्ट चिन्तन अघि बढायौं र सैद्धान्तिक आवश्यकतामा यसको प्रयोग गऱ्यौं भने यसबाट हाम्रो शैक्षिक गतिविधिमा नयाँ आयाम त थपिनेछ । त्यसपछि विश्वसामु हाम्रो पूर्वीय दर्शनले दिने ज्ञानलाई नै एक प्रमाणित र प्रामाणिक सिद्धान्तका रूपमा स्थापना गर्न सक्नेछौं।

पूर्वीय दर्शनको ज्ञानलाई अनुसन्धानसँग जोड्न सकेमा अनुसन्धानकर्ताको शैक्षिक जीवनमा ठूलो परिवर्तन ल्याई गुणात्मकता पनि थप्ने छ । साथै हाम्रै सभ्यता र मौलिकताको पूर्वीय दर्शनलाई प्रयोगमात्र गऱ्यौं भने पनि हाम्रो शिक्षा पद्धतिमा गुणात्मक परिवर्तन ल्याउन सकिनेछ । यसबाट विद्यार्थीको ज्ञानको दायरा अहिलेको भन्दा कैयौंगुणा फराकिलो बनाउन सघाउ पुग्नेछ। यसबाट अध्ययन अनुसन्धानकर्ताको शारीरिक र मानसिक स्वास्थ्यमा सकारात्मक परिवर्तन र अध्यात्मिक चेतना वृद्धि हुने त छँदैछ। यस्ता शैक्षिक जनशक्तिमा आउने यसप्रकारका परिवर्तनको अनन्त लाभ व्यक्तिमा मात्र सीमित नरहेर समाज र राष्ट्रसम्म नै पुग्नेछ । एकातर्फ हाम्रा दर्शन र सिद्धान्तहरू विश्वका अनुसन्धानदातासमक्ष छाउनेछन् भने अर्कातर्फ हाम्रा शैक्षिक जनशक्ति पनि सकारात्मक सोचले पूर्ण र अध्यात्मिक चेतले भरिपूर्ण भएर आउनेछन्।

पूर्वीय दर्शन विशेषगरी वैदिक, बौद्ध, जैन र योग दर्शन, हजारौं वर्ष पुराना रहेको तथ्य त सबैमा विदितै छ । तर अहिलेसम्म यी ज्ञानका महासागरहरूलाई हामीले भने केवल धार्मिक मान्यताको परिधिभित्र मात्र सीमित पारिरहेका छौं । यी अद्वितीय दर्शनहरूले मानवीय चेतना, ज्ञानको स्वरूप, नैतिकता र सदाचार, ब्रह्माण्डीय सत्यको खोजी आदिलाई केन्द्रबिन्दु बनाएका छन् । यति सम्पन्न यी दर्शनलाई हामीले धर्म र पौराणिकतामा मात्र राखेर बुझ्न र अध्ययन गर्न खोज्दा हामी नै पछिपरिरहेको अनुभूति हुनु स्वाभाविकै हो । उपनिषद्, पतञ्जलिको योगसूत्र, गीता, बुद्धका वचन, महावीर र अन्य धेरै ऋषिमुनि, सन्तहरूका अलौकिक उपदेश पूर्वीय ज्ञानका आधारस्तम्भ नै हुन् ।

यी दर्शनले व्यक्तिभित्रको आत्मज्ञान र बाह्य प्रकृतिबीचको सन्तुलनलाई बडो आकर्षक रूपमा जोड दिएका छन् । जुन कुरा एक अनुसन्धानको मूल मर्मसँग पनि मेल खान्छ । एक अनुसन्धानकर्ताले पनि '३ पी' अर्थात् (पर्सन, प्लेस र प्रोबलम) को सुत्रः कुनै एक निश्चित भूगोलमा बस्ने व्यक्ति/समुदायले भोगेको वा अनुभव गरेको समस्यालाई आधार मानेर नै अनुसन्धान सुरू गर्ने हो ।

पूर्वीय दर्शनले दिने मुख्य ज्ञान भनेको आफूभित्रको सत्य बुझेर मात्र बाह्य सत्यको अनुभव सम्भव छ भन्ने नै हो । यसले आफैंमा अरूलाई खोज्नु अर्थात् आफूभित्रको सत्य नै अरूमा खोज्नु र तथ्य पत्ता लगाउनु हो भन्दछ । सारमा यसले बुझाउन खोजेको विषय भनेको सबै वस्तु आपसमा जोडिएका छन्(अन्तरसम्बन्धत्व), ज्ञानको अन्तिम लक्ष्य आनन्द र शान्ति हो, दुःखको मूल कारण आशक्ति र अज्ञानता हो, ध्यान, योग र आत्मचिन्तनबाट मात्र वास्तविक ज्ञान पैदा हुन्छ भन्ने हो । यही ज्ञानले नै कुनै एक अनुसन्धानकर्ताले कस्तो विषयमा अनुसन्धान गर्नुपर्छ र कसरी गर्नुपर्छ भन्ने वास्तविकतालाई निर्देशित गर्छ । यसमा अनुसन्धानका विधि त विषयवस्तुको गहिराइ अनुसारका हुने नै भए।

पूर्वीय दर्शन केवल धार्मिक, पौराणिक आस्था मात्र होइन, नत सुन्ने परम्परा अर्थात् श्रुत ज्ञानहरूको संग्रह मात्र हो । यो त मानवीय पूर्ण चेतनाको परिष्कृतस्वरूप एवं जीवन रूपान्तरणको गहन र विशिष्ठ विज्ञान हो । यसले बाह्य संसारलाई भन्दाबढी आत्मअन्वेषण, विवेक र अनुभूतिलाई महत्व दिन्छ र जीवन र

बाँकी तेश्रो पेजमा

## तपाईको आज

| राशि | |
|---|---|
| मेष | आज नयाँ योजना, पारिवारिक सहयोग प्राप्त हुनेछ। व्यापार तथा पेशामा सकारात्मक संकेत देखिएन्छ |
| वृष | आर्थिक पक्ष सुदृढ बन्नेछ। आफन्तसँगको सम्बन्ध अझ प्रगाढ बन्ने सम्भावना छ। स्वास्थ्यमा सामान्य सतर्कता आवश्यक छ। |
| मिथुन | बौद्धिक कार्यमा सफलता मिल्नेछ। अध्ययन, लेखन वा सञ्चार क्षेत्रसँग सम्बन्धित व्यक्तिका लागि दिन फलदायी रहनेछ। |
| कर्कट | परिवारको साथ र सल्लाहले महत्वपूर्ण निर्णय लिन सहज हुनेछ। रोकिएका काम अघि बढ्न सक्छन्। |
| सिंह | नेतृत्व क्षमता प्रदर्शन गर्ने अवसर प्राप्त हुन सक्छ। सामाजिक प्रतिष्ठा बढ्ने संकेत छ। |
| कन्या | कार्यव्यस्तता बढे पनि परिणाम सन्तोषजनक रहनेछ। आर्थिक लेनदेनमा सावधानी अपनाउनुहोस्। |
| तुला | नयाँ सम्बन्ध र सहकार्यका अवसर प्राप्त हुन सक्छन्। वैदेशिक वा दूरस्थानसँग सम्बन्धित काममा सकारात्मक संकेत । |
| वृश्चिक | धैर्य र संयमले चुनौती पार गर्न सकिनेछ। स्वास्थ्य तथा खानपानमा ध्यान दिनु आवश्यक छ। |
| धनु | छोटो यात्रा लाभदायी हुन सक्छ। पुराना साथीभाइसँगको भेटघाटले मन प्रफुल्लित बनाउनेछ। |
| मकर | आर्थिक व्यवस्थापनमा सुधार आउनेछ। कार्यस्थलमा जिम्मेवारी बढ्न सक्छ तर त्यसले भविष्यमा लाभ दिनेछ। |
| कुम्भ | नयाँ विचार र योजनाले सफलता दिलाउन सक्छ। सामाजिक तथा व्यावसायिक क्षेत्रमा प्रभाव बढ्नेछ। |
| मीन | आध्यात्मिक तथा धार्मिक गतिविधिप्रति आकर्षण बढ्नेछ। रोकिएका काम पूरा हुने सम्भावना छ। |

# रैथाने स्वादमा आधुनिकता .....

हुने मनाङमा समयमा हिउँ पर्दैन। तल्लो मनाङमा लामो समयदेखि हिउँ नपरेको गुरुङ बताउनुहुन्छ। आजकाल हिउँको सट्टा पानी पर्छ। हिउँले माटोलाई चिस्यान मात्र दिँदैन, यसले माटोभित्रका हानिकारक तत्वहरूलाई निष्क्रिय बनाउन पनि मद्दत गर्छ भन्ने स्थानीयको बुझाइ छ ।

यहाँका अधिकांश किसानले अहिले आलु, स्याउलगायत अन्य कृषिउपजको स्वाद पहिलेजस्तो नभएको बताउने गरेका कृषि विकास कार्यालयका प्रमुख शङ्कर पौडेलले बताउनुभयो । उहाँका अनुसार तापक्रम, वर्षा र माटोको अवस्थाले बालीको रासायनिक संरचनामा असर पार्न सक्छ । "यसले स्वाद, पोषण र गुणस्तरमा परिवर्तन ल्याउन सक्छ। यहाँको खेती प्रणालीका विषयमा विस्तृत अध्ययन आवश्यक देखिएको छ", उनले भन्नुभयो ।

**नयाँ बालीको प्रवेश :**

**अवसरसँगै चुनौती**

मनाङका अधिकांश गाउँमा अहिले रैथाने बालीको उत्पादन घट्दै गएको छ । विशेषगरी नार्पाभूमि र मनाङ ङिस्याङका उच्च हिमाली क्षेत्रमा फापर, जौ र उवा खेती उल्लेखनीय रूपमा घटेको छ । यहाँ विगतदेखि नै अन्य खेतीको तुलनामा आलुको बढी उत्पादन, माग तथा खपत भएकाले व्यावसायिक खेतीअर्थात् नगदे बालीका रूपमा विकास भएको पाइन्छ ।

जलवायु परिवर्तनलाई विशेषगरी नकारात्मक रूपमा मात्रै लिने गरिन्छ तर यसको परिवर्तनसँगै समयअनुसारका उत्पादनलाई पनि केही अवसर दिएको छ । जलवायु परिवर्तनको प्रभाव बढी हुँदा पहिले खेती नहुने क्षेत्रमा नयाँ बाली प्रवेश गर्ने अवसर बनेको छ । तापक्रम वृद्धिले पहिले सम्भव नभएका खेतीबाली उत्पादन हुनुका साथै व्यावसायिक खेती प्रणालीको विकास हुने देखिएको कृषि विकास कार्यालयका प्रमुख पौडेल बताउनुहुन्छ । उहाँका अनुसार जलवायुमैत्री प्रविधिको उपयोग गर्दै बन्दागोभी, काउली, गोलभेडा, प्याज, लसुन, रायो, गाजर, मुला, किवीजस्ता फलफूल तथा तरकारी खेतीको विकास भइरहेको छ । जिल्लाका उच्च भेगहरूमा अचेल तरकारीका लटरम्म टनेलहरु देखिन थालेका छन् । किसानले प्लास्टिक टनेल प्रयोग गरेर वर्षौंभरि तरकारी उत्पादन गर्न थालेपछि स्थानीय खाद्य आपूर्ति सुधार गर्नुका साथै आयात प्रतिस्थापनमा समेत योगदान पुगेको कार्यालयले जनाएको छ ।

कृषि विकास कार्यालयका अनुसार फापर र जौजस्ता परम्परागत खाद्य बालीको खेती निरन्तर घट्दो क्रममा रहेको छ। उवा तथा कागुनोको अभिलेखीकरण पछिल्ला वर्षमा सुरू भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ। त्यस्तै आलु अझै पनि मनाङको प्रमुख नगदे बालीको रूपमा रहेको छ । ङिस्याङ गाउँपालिकाका सबै वडामा रैथाने बाली लोप हुने अवस्थामा पुगेको कार्यालयका प्रमुख पौडेलले जानकारी दिनुभयो। "उत्पादन घट्दै जाँदा किसानले बाली फेर्न थालेका छन्, यसलाई सुहाउँदो वातावरण अभावले पनि खेतीबाली फेर्न थालेका छन्", उहाँले भन्नुभयो, "मौसम अनुकूल खेतीलाई प्राथमिकता दिन थालेको पाइएको छ ।" परीक्षणपछि केही स्थानमा जलवायु परिवर्तन भए अनुसारका खेतीबाली परीक्षणकालीन खेती गरिरहेको उहाँको भनाइ छ ।

**आधुनिक प्रविधि र प्रजातिको विकासमा होडबाजी**

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र काठमाडौँका अनुसार कम जग्गामा बढी उत्पादन र उन्नत जातको खेती गर्ने उद्देश्यले गर्दा स्थानीय जातहरु लोप हुने अवस्थामा पुगेका छन् । हाल किसानहरूले बढी उत्पादन लिन उन्नत जातका बीउहरु प्रयोग गर्दा रैथाने जातहरु विस्थापित भएका हुन्। संरक्षण केन्द्रका अनुसार फापर, कोलु बोडी, जौ, कागुनो, च्युनो, उवा, लट्टे, जुनेलो, मस्याङ, गहत, खेसरी, भोगे सिमी, सिलाम, भुसेतिल आदिलाई स्थानीय तथा रैथाने बालीमा सूचीकृत गरिएको छ ।

हिमालपारिको जिल्ला मनाङ खेतीपाती र कृषिका लागि अब 'दुर्गम' रहेन । कृषि पकेट क्षेत्र तोकिएका अन्य भेगझैँ व्यावसायिक रूपमा धेरै थरी कृषिउपज उत्पादन हुन थालेपछि जिल्ला बाहिर पनि निर्यात हुन थालेको छ । ङिस्याङ गाउँपालिकामा बन्दा, काउली, गाजर, मुला, गोलभेडा, रायोजस्ता बेमौसमी तरकारीखेती सफल भएपछि आन्तरिक खपतसँगै आयात प्रतिस्थापन सम्भव भएको कार्यालयले जनाएको छ ।

यहाँका चार वटै पालिकामा एक दशकयता टनेल खेतीको अभ्यास हुँदै आएको छ । धेरैजसो किसान परम्परागत खेतीपाती छाड्दै व्यावसायिक स्याउखेतीतर्फ आकर्षित हुन थालेका छन् । रैथाने बाली हराउँदै जाने र गुणस्तर खस्किने चिन्ता बढ्न थालेसँगै कृषि विकास कार्यालयले अनुदानसहितका सचेतना कार्यक्रम प्राथमिकतामा राखेको छ । जलवायु परिवर्तनको प्रभावले बालीनालीको उत्पादन र गुणस्तरमा प्रभाव पारिरहेको बताउँदै कार्यालय प्रमुख पौडेलले भन्नुभयो, "रैथाने बालीको बीउ जोगाउन, परम्परागत खेतीलाई प्रोत्साहन गर्न हामी स्थानीय तहसँगको सहकार्यमा जुटेका छौँ ।"

हिमाली कृषि संरक्षणका लागि जलवायु वित्तको उपयोग बढाउन आवश्यक भएको विज्ञको भनाइ छ । जलवायु परिवर्तनका कारण उत्पन्न जोखिम न्यूनीकरण तथा अनुकूलन कार्यक्रमका निम्ति अन्तरराष्ट्रियस्तरबाट उपलब्ध हुने जलवायु वित्तलाई कृषि क्षेत्रमा लगानी बढाउनुपर्ने उहाँहरूको सुझाव छ । विशेषगरी रैथाने बीउ पुँजी स्थापना, सामुदायिक बीउ संरक्षण, जलवायुमैत्री बाली विकास तथा अनुसन्धानमा सरकारले जलवायु वित्त कोषको लगानी बढाउन आवश्यक छ ।

जलवायुमैत्री खेतीलाई प्रोत्साहन गर्न सकिएमा मात्रै रैथाने खेतीको बीउ संरक्षण र प्रवर्द्धन गर्न सकिनेछ । यसको न्यूनीकरण गर्न जलवायु वित्त वा जलवायु अनुकूलन कोषमा आएको बजेटको उपयोग कृषि क्षेत्रमा लगानी बढाउन सरकारले ताकेता गर्नुपर्ने देखिन्छ। यसले कृषि र हिमशृङ्खला संरक्षणका निम्ति भरपुर उपयोगलाई तीनै तहको सरकारले प्राथमिकतामा राख्नुपर्ने देखिएको छ । मनाङको माटोको सुगन्ध र त्यहाँका रैथाने बालीको मिठास जोगाउनु केवल एक किसानको चिन्ता मात्र होइन, यो त हाम्रो राष्ट्रिय खाद्य सुरक्षा र जैविक विविधतासँग जोडिएको विषय हो । मौसमको दबाबका बीच मनाङको खेतीपातीलाई जोगाइराख्नु अहिलेको सबैभन्दा ठूलो चुनौती बनेको छ । रासस

# पूर्वीय दर्शनलाई अनुसन्धानको ..........

जगत्का जटिल समस्याहरूको पनि मूल कारण खोजेर समाधानका लागि आवश्यक दृष्टि प्रदान गर्दछ। हाम्रा छरिएर रहेका वैदिक, बौद्ध, जैन तथा अन्य दर्शन तथा दार्शनिक परम्पराका ज्ञानहरूलाई एकीकृत सिद्धान्तका रूपमा विकास गर्न सकिने अनेकन आधार र तथ्यहरू हामीसँगै छन्। यसो गर्न सकियो भने त्यसले केबल बौद्धिक सम्पदा समृद्ध बनाउने मात्र होइन, आधुनिक चुनौतीहरूको समाधानका लागि पनि मौलिक तथा वैचारिक आधारहरू निर्माण गर्न सक्दछ । मलाई लाग्दछ, पूर्वीय दर्शनले हामीलाई अनुकरणमा मात्र होइन, आफ्नै चिन्तन, विश्लेषण र आत्मबोधमा आधारित दार्शनिक आत्मनिर्भरतातर्फ उन्मुख गराउँछ।

हालको प्रतिस्पर्धात्मक शिक्षा प्रणाली, आधुनिकीकरण र कृत्रिम बुद्धिमताले विद्यार्थीमा मानसिक दबाब बढाएको पक्कै छ । यो दबाबले उनीहरूलाई तनावसमेत दिन थालेको छ । यसकारण उनीहरू एकाग्र र धैर्य बन्न पनि सकिरहेका छैनन् । त्यसकारण आफ्ना जीवनमा सफलता र समृद्धिको खोजिका लागि उनीहरू दशतिर कुद्नुपर्ने अवस्था सिर्जना भएको छ । यो दौडधूपले उनीहरूलाई केही हदसम्म भौतिक सुख त दिएको छ, तर मानसिक रूपमा भने दुःखी बनाइदिएको छ।

यस्तो अवस्थामा पूर्वीय ज्ञानको प्राप्तिले उनीहरूको व्यावहारिक पक्ष बलियो बनाउने छ । यसका लागि योग, प्राणायाम र आसनको वैज्ञानिक अध्ययन उचित हुन सक्छ। कुनै पनि व्यक्ति तथा अनुसन्धानकर्ताको बसाइको मुद्रा, सासको सजगता र नियमित योगले शरीरको रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गर्न सक्छ । हृदय स्वास्थ्य र ऊर्जाको स्तर सुधार गर्छ । पूर्वीय दर्शनले विशेषगरी ध्यान (मेडिटेसन) र सजगता(माइन्डफुलनेस) बाट तनाव, चिन्ता र अवसाद (डिप्रेसन) घटाउन मद्दत गर्छ । अनुसन्धानकर्ताका लागि धेरै घण्टासम्म एकाग्र भएर काम गर्दा मानसिक थकान हुन्छ। यस्तो अवस्थामा बुद्धको शिक्षा 'सम्यक स्मृति (माइन्डफुलनेस)' ले यस्तो थकान घटाएर भावनात्मक सन्तुलन कायम राख्न सक्छ । अध्ययन अनुसन्धानकर्ताहरूका लागि यी पद्दतिहरू अहिले अचुक औषधि पनि बनिरहेका छन् ।

हाम्रा पूर्वीय दर्शनलाई सिद्धान्तका रूपमा स्थापित गर्न सकिने केही उदाहरणहरू जस्तैः गौतम बुद्धद्वारा प्रतिपादित चार आर्य सत्य बौद्ध दर्शनको मूल आधार हो । यी सत्यहरूले मानव जीवनको दुःख, त्यसको कारण, समाधान र समाधानतर्फ जाने मार्गलाई स्पष्ट व्याख्या गर्छन् । यसलाई मानव जीवनका दुःख बुझ्ने वा त्यसको निवारण गर्ने एक सिद्धान्तका रूपमा स्थापना गर्न सकिन्छ । यसो गर्दा हाम्रा लाखौं युवालाई दुःखको अनुभूतिबाट मुक्त गरेर शान्ति र सुखानुभूतिको मार्गमा डोर्‍याउन सकिन्छ । यो नै राष्ट्र निर्माणमा टेवा पुर्‍याउनसक्ने जनशक्ति हो । यसरी नै बुद्धका त्रिरत्न ('बुद्धम् शरणम् गच्छामी', 'धम्मम् शरणम् गच्छामी' र 'संगम शरणम् गच्छामी') लाई ज्ञानको व्यवस्थापन वा ज्ञानको दिगोपनाको सिद्धान्त बनाउन सकिन्छ । मुण्डकोपनिषदमा ज्ञानलाई दुई भाग परा विद्या (उच्च ज्ञान/आध्यात्मिक ज्ञान) र अपरा विद्या (निम्न ज्ञान/सांसारिक ज्ञान) मा वर्गीकरण गरिएको छ । यसका आधारमा पनि ज्ञानको अध्ययन गर्न सकिन्छ।

हाम्रो पूर्वीय दर्शनले जीवनका हरेक आयाम र अवस्थाको व्याख्या गरेको मात्र छैन, समस्याको समाधानका आधार पनि तयार पारेको छ। तर अब यसको गहन अध्ययन गरेर शिक्षा र अनुसन्धानमा समावेश गरी उच्च तहमा हुने अनुसन्धानमा सैद्धान्तिक आधार/मार्गचित्र बनाउन जरूरी छ । यसका लागि प्राज्ञिक व्यक्ति तथा अनुसन्धानकर्ताहरूको जोडबल आवश्यक छ । पूर्वीय दर्शनलाई अनुसन्धानको मूल आधार बनाउनु भनेको प्राचीन ज्ञानलाई आधुनिक वैज्ञानिक पद्धतिसँगै समायोजन गर्नु पनि हो। यसले अनुसन्धानकर्तालाई केबल तथ्य सङ्कलन गर्ने मेसिन मात्र बनाउँदैन, बरू संवेदनशील, सन्तुलित र समाजोपयोगी चिन्तक बनाउँछ । नेपालजस्तो सनातन पूर्वीय ज्ञानको भूमिमा प्राज्ञिक व्यक्तिहरूले यस विषयमा राष्ट्रिय बहस थाल्नु अतिआवश्यक छ किनभने आजको युगलाई समृद्धि र शान्ति दिने तथा जीवन र जगत्का हर समस्याको समाधान दिनसक्ने अनुसन्धानको जग नै पूर्वीय दर्शन हुनसक्छ। रासस

(डा कार्की नेपाल फिलसफिकल रिसर्च सेन्टरका अध्यक्ष हुनुहुन्छ)

**व्यास नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
दमौली तनहुँ । गण्डकी प्रदेश

**नगर लोककल्याणकारी सन्देश**

विषय: सहकारी संस्था अद्यावधिक गर्ने सम्बन्धमा ।

श्री सहकारी संस्थाहरु सवै
व्यास नगरपालिका, तनहुं दमौली

प्रस्तुत विषयमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या १.६/ स.व्य. प्र./२०८२/२०८३ च.नं १४४ मिति २०८३/०३/०२ गतेको प्राप्त पत्रानुसार मिति २०८३/१/१७ मा जारी भएको सहकारी (पहिलो संशोधन) अध्यादेश २०८३ ले सहकारी संस्थाहरुले वार्षिक रुपमा दर्ता अधिकारीवाट संस्था अद्यावधिक गराउनु पर्ने र बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरुले बित्तीय कारोबार सञ्चालको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबांट इजाजतपत्र लिनुपर्ने भनि उल्लेख भएको हुदां यस आ.व २०८२/२०८३ को असार मसान्त भित्र सम्बन्धित पालिकामा तपशिलमा उल्लेखित प्रमाण पत्रहरु संलग्न राखी सहकारी संस्था अद्यावधिक गर्नुहुन अनुरोध छ । साथै निम्न कार्यहरु यथाशिघ्र गर्नुहुन समेत जानकारी गरिन्छ ।

आवश्यक कागजातहरु
१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. आ.व २०८१/२०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
३. कोपोमिसमा आवद्ध प्रमाण पत्रको प्रतिलिपि ।
४. प्राधिकरणको इजाजतपत्रको प्रतिलिपि ।
५. आ.व.२०८१/२०८२ को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।

निम्न कार्यहरु
१. सहकारी ऐन, (अध्यादेश समेत) को दफा ७३ को उपदफा (१ख) बमोजिम सहकारी संस्था अद्यावधिक गर्नुहुन ।
२. सहकारी ऐन, (अध्यादेश समेत) को दफा १६क. बमोजिम बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुले वित्तीय कारोबार सञ्चालनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणबाट इजाजतपत्र लिन आवश्यक पहल गर्नुहुन ।
३. सहकारी संस्थालाई कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सूचना केन्द्रमा आवद्ध हुन आवश्यक पहल गर्नुहुन ।
४. साधरण सभा तथा लेखापरीक्षण सम्पन्न नगरी दुई वर्षदेखी लगातार निस्किय रहेका र कोपोमिसमा आवद्ध नभएको भए लेखापरीक्षण सम्पन्न गरी कोपोमिसमा आवद्ध हुनका लागि आवश्यक व्यवस्था गर्नुहुन ।

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
**व्यास नगरपालिका-२, दमौली तनहुँ**
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
**हाम्रा उपलब्ध सेवाहरू :**
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा




**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
www.bhanjyangnews.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९
२०८३ असार ०७ आइतबार
June 21, 2026



## पृथ्वीचोक बसपार्क

पोखरा महानगरपालिकाले डोजर लगाएर भत्काएको पोखराको पृथ्वीचोकस्थित प्रस्तावित बसपार्क क्षेत्रमा अतिक्रमित गरी निर्माण गरिएका संरचना । सो बसपार्कका लागि विसं २०३२ मा २०६ रोपनी जग्गा अधिग्रहण गरिएपनि हालसम्म बसपार्क भने बन्न सकेको छैन् ।

*तस्बिरः हरिप्रसाद बाँस्तोला/रासस*

# नमुना सहरको परिकल्पनासहित 'बैरेनी जग्गा विकास आयोजना'

**भञ्ज्याङ समाचारदाता**/तनहुँ

तनहुँको व्यास नगरपालिका–१० मा नमूना सहरको परिकल्पनासहित बैरेनी जग्गा विकास आयोजना कार्यक्रम सञ्चालन भइरहेको छ । आयोजनाको पहिलो चरणको काम अन्तिम अवस्थामा पुगेसँगै दोस्रो चरणको बृहत्तर विस्तार प्रक्रिया अघि बढाइएको हो ।

साविक फराकचौर क्षेत्रका एक हजार ३६० रोपनी क्षेत्रमा आयोजना विस्तार गर्न नगरपालिकाले जग्गाधनी तथा मोहीहरूको रायसुझाव र सहमति संकलन कार्य सुरू गरिरहेको छ । नगरपालिकाले दीर्घकालीन, योजनाबद्ध र आधुनिक सहरी विकासलाई लक्षित गर्दै यो आयोजना अघि बढाएको आयोजना प्रमुख वरिष्ठ इन्जिनियर रवीन्द्रलाल मूलले बताए ।

"बस्तीले साँघुरिँदै गएको सदरमुकाम दमौलीलाई व्यवस्थित सहरी स्वरूपमा रूपान्तरण गर्ने र भविष्यको नमूना सहरका रूपमा विकास गर्ने उद्देश्यसहित काम अघि बढाइएको हो । सुरूआती चरणमा केही चुनौती खेप्नु परेपनि अहिले आयोजना जनस्तरमा स्वीकृत भइसकेको छ", उनले भने, "आधुनिक सहरको स्वरूप देखिन थालेपछि स्थानीयमा उत्साह थपिएको छ । योसँगै दोस्रो चरणको कामको माग पनि बढेको छ ।"



नगरप्रमुख वैकुण्ठ न्यौपानेले आयोजनालाई नगरपालिकाको दूरदर्शी विकास दृष्टिकोणको प्रमुख आधारका रूपमा अघि बढाइएको बताए । उनले भने, "सदरमुकाम दमौली आसपासको अव्यवस्थित सहरीकरणलाई नियन्त्रण गर्दै योजनाबद्ध, सुरक्षित र आधुनिक सहर निर्माण गर्ने हाम्रो स्पष्ट लक्ष्य हो ।" पहिलो चरणको प्रगतिले जनविश्वास बढाएको छ, त्यसैको आधारमा दोस्रो चरणलाई अघि बढाइएको न्यौपाने बताए ।

दोस्रो चरणको प्रक्रिया स्थानीय बृहत्तर बैरेनी एकीकृत जग्गा विकास परियोजना समितिको माग तथा सहरी विकास तथा भवन निर्माण विभागको प्राविधिक सहयोगमा अघि बढाइएको हो । प्रारम्भिक अध्ययन अरनिको डिजाइनर्स एण्ड प्लानर्स प्रालिले सम्पन्न गरेको नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले आयोजना सञ्चालनका सम्बन्धमा कुनै असहमति वा सुझाव भए सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र जग्गाधनी प्रमाणपत्र र नागरिकताको प्रतिलिपिसहित लिखित निवेदन पेस गर्न सार्वजनिक आह्वान गरेको छ ।

तोकिएको अवधिभित्र कुनै असहमति नपरेमा आयोजनामा सम्बन्धित पक्षको स्वतः सहमति रहेको मानिने नगरपालिकाले स्पष्ट पारेको छ । पहिलो चरणको आयोजनाको हालसम्म ८५ प्रतिशत सम्पन्न भइसकेको छ । पहिलो चरणको प्रगति र पूर्वाधार विकासपछि स्थानीय जग्गाधनीहरु दोस्रो चरणको आयोजनाप्रति थप उत्साहित देखिएका छन् ।

करिब रू नौ करोड २४ लाख ७० हजार लागतमा पहिलो चरणको काम सञ्चालन भइरहेको यस आयोजनामा नगर विकास कोषको ७० प्रतिशत ऋण तथा गण्डकी प्रदेश र व्यास नगरपालिकाको ३० प्रतिशत लगानी रहेको छ । पहिलो चरणअन्तर्गत सडक सञ्जाल, टेवा पर्खाल र ढल निकासको अधिकांश काम सम्पन्न भइसकेको छ भने खानेपानी लाइन विस्तार र ढल नालाको कभर स्ल्याब निर्माण अन्तिम चरणमा पुगेको छ । विद्युत् प्रसारण लाइन विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय भइरहेको इन्जिनियर मूलले बताए ।


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल–ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।**

नेपाल सरकार
विज्ञापन बोर्ड


## facebook twitter



**Bimal Pokharel**
x.com/bimalwin

सिंहदरबारलगायत देशका महत्त्वपूर्ण संरचना २०८२ भदौ २४ गते जलाएर ध्वस्त बनाउने अपराधको नेतृत्व गरेका बालेन्द्र शाह, सुधन गुरूङ, सुनिल लम्सालहरूको गिरोहले देश बनाउँदै थियो । यही बीचमा आयोजना गरिएको घण्टीहरूको महाधिवेशनका कारण देश बन्न १ हप्ता ढिलो हुने भयो ! देश बनाउने वातावरण खोइ ?



Nilamber Acharya
x.com/nilacharya

सुन्दर हुनुपर्छ सबै –
लवाइ, खवाइ, गराइ, बोलाइ !
विधिसम्मत हुनुपर्छ।
हामी पूजा गर्छौं
पूजाको विधि हुन्छ ।
अभिवादन गर्छौं
त्यसको तरिका हुन्छ।
हामी हिंड्छौं
हिंड्ने पनि तरिका हुन्छ।
हामी जे काम गर्छौं
त्यो गर्ने विधि हुन्छ।
जथाभावी गर्न हुन्न
अनिष्ट र दुर्घटना हुनसक्छ।

# बन्दीपुरका ४०१ जनाको मुटु परीक्षण

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल हृदयरोग निवारण प्रतिष्ठान, ललितपुर र रोटरी क्लब अफ पाटनको संयुक्त आयोजना तथा बन्दीपुर गाउँपालिकाको सह–आयोजनामा बन्दीपुर अस्पतालमा सञ्चालन गरिएको निःशुल्क ईको र ईसीजीसहितको बृहत् मुटुरोग स्वास्थ्य शिविरबाट ४०१ जना सेवाग्राही लाभान्वित भएका छन्।

अस्पतालका अनुसार शिविरमा १८१ पुरूष र २२० महिलासहित कुल ४०१ जनाले मुटुसम्बन्धी स्वास्थ्य परीक्षण सेवा प्राप्त गरेका हुन् । शिविरका क्रममा २२१ जनाको निःशुल्क ईको परीक्षण गरिएको थियो, जसमा १२१ पुरूष र १०० महिला रहेका छन्। त्यस्तै २९० जनाको निःशुल्क ईसीजी परीक्षण गरिएकोमा १५० पुरूष र १४० महिला सहभागी भएका थिए।




आवश्यकता अनुसार केही सेवाग्राहीलाई निःशुल्क औषधि वितरण गर्नुका साथै प्रयोगशाला परीक्षण र एक्स–रे सेवासमेत उपलब्ध गराइएको बन्दीपुर अस्पतालले जनाएको छ। शिविर सफल बनाउन सहयोग पुऱ्याउने सबै स्वास्थ्यकर्मी, स्वयंसेवक, आयोजक संस्था तथा सहयोगी निकायप्रति बन्दीपुर अस्पतालले हार्दिक आभार व्यक्त गरेको छ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४